प्रेस विज्ञप्ति

१७ जेष्ठ, २०८१ (काठमाडौँ)

## सुनकोशी जलबिद्युत परियोजनाको बाँध निर्माण खारेज गर:
## माझी महिलाको पहिचान र आत्म निर्णयको अधिकारको सम्मानका लागि आह्वान

आदरणीय पत्रकार तथा संचारकर्मीज्यूहरू,

रामेछापको मन्थली नगरपालिकाको वडा नम्बर ६ र ७ कुनौरी र भटौलीका आदिवासी माझी महिलाहरूको जनजीवनलाई नै प्रभाव पार्ने गरी सुनकोशी-२ जलविद्युत परियोजना बाँध अगाडी बढेको छ । यस प्रति हाम्रो गम्भीर ध्यानाकर्षण र चासो रहेको छ । प्रभावित क्षेत्रका आदिवासी माझीहरू यस विरुद्ध आन्दोलनमा छन् । राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च (निफ) ले गरेको अध्ययनले ती समुदायमा सामाजिक, सांस्कृतिक र मानसिक समस्या सिर्जना गरेको निष्कर्ष निकालेको छ ।महिला मानव अधिकारमा पर्ने असरहरूको मुल्यांकन गर्न यही जेष्ठ १५ र १६ गते मन्थलीको कुनौरी र भटौलीमा गरिएको स्थलगत भ्रमण गरिएको छ । सो को नतिजा सार्वजनिक गर्न आज आयोजित पत्रकार सम्मेलनको सन्दर्भमा निफ र भ्रमणमा सम्मिलित अन्तर्राष्ट्रिय अध्ययनन टोलीको धारणा सहित यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

पूर्ण प्राकृतिक जीवन बाँच्दै आएका आदिवासी माझीहरुका लागि कथित विकास परियोाजनाले उनीहरुमा इच्छा बिपरित विस्थापनको जोखिम थोपरेको छ । एकतर्फी विकासको नारा लगाउँदै परियोजना अघि बढ्नु अर्कोतर्फ माझी लगायत अन्य आदिवासी जनाजति समुदायको अस्तित्व, पहिचान जीविकोपार्जन गुम्न सक्ने संभावनालाई अनदेखा गर्नु घोर आपत्तिजनक रहेको हाम्रो ठहर छ । माझी समुयदाय सुनकोशी नदीका अति निकट सरोकारवाला र पहिलो हकदार हुन् । उनीहरूको समस्या नसुनीकन सरकार अघि बढ्दा समुदायको सांस्कृतिक र जीवनशैलीमा आउन सक्ने परिवर्तनको र अनेकन जोखिमहरुको सामना गर्नु माझी समुदाय बाध्य देखिन्छन् । विशेषत: नदी सँगै सबै प्राकृतिक श्रोत साधनन गुमाउनुपर्ने कहालीलाग्दो परिस्थितिमा माझी महिलाहरूले आफ्नो परिवार सम्हाल्न थप संघर्षको सामना गर्नु पर्ने देखिन्छ ।

सुनकोशी-२ परियोजना काठमाडौंबाट १३० किलोमिटर पूर्वमा पर्दछ, जुन सिन्धुली जिल्लाको गोलान्जोर गाउँपालिका र रामेछाप जिल्लाको रामेछाप नगरपालिकाको बीचबाट बग्ने सुनकोशी नदीमा अवस्थित छ ।सुनकोशी-२ जलविद्युत परियोजना १,११० मेगावाट र सुनकोशी-३ ५३६ मेगावाट जलविद्युत परियोजनाहरू माझी समुदायको पुर्खौली थातथलोमा, विद्युत विकास विभागद्वारा विकसित पम्प-भण्डारण परियोजनाहरू रहेका छन् ।

२०८१ साल जेठ १५ र १६ गते, राष्ट्रिय आदिवासी महिला मञ्च र अन्तर्राष्ट्रिय संस्थाहरू एपीडब्लुएलडी, सेन्टर फर इकोनोमिक एन्ड सोसियल राइट्स (CESR) र संयुक्त राष्ट्र संघका प्रतिनिधिले मन्थलीका

कुनौरी र भट्टौलीका माझी समुदायमा जलविद्युत बाँध परियोजनाको प्रभाव मूल्याङ्कन गरेका छन् । जुन प्रभाव मुल्यांकन परियोजनाको वर्तमान अवस्था र आदिवासी माझी महिलाहरूको मानवअधिकारको अवस्थाको बुझ्न गरिएको हो । यो भ्रमण विशेष गरी उनीहरुको सहभागिताको अधिकार, सूचनामा पहुँच र आत्म निर्णयको अधिकारको अवस्थाबारे मूल्याङ्कन गर्न गरिएको हो । टोलीले त्यहाँ बिभिन्न समूह बनाई छलफल गरेको थियो । भ्रमण टोलीका सदस्यहरूले छलफलका क्रममा विकासका परियोजनाहरुले माझी समुदाय र उनीहरुको पहिचान, संस्कृति र अस्तित्वलाई लोप बनाउने खालका सम्भावित असरहरु पनि अध्ययन गरेका थिए ।

रामेछाप जिल्लाको मन्थलीमा प्रस्तावित जलविद्युत बाँध परियोजनाबारे पूर्ण तथा यथार्थ जानकारी नदिइकन माझी समुदायलाई आयोजना बारे अनभिज्ञ राखिएको छ । राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च (NIWF, निफ) द्वारा सन् २०१८ देखि २०२० सम्म सहभागितामूलक अनुसन्धान गरिएको थियो । अध्ययनको प्रतिफल अनुसार समुदायसँग कुनै रूपमा स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी लिइएको छैन । परियोजना कुन चरणमा पुगेको छ भनि निर्धारण गर्न तथ्यांक उपलब्ध गराइएको छैन । समुदायसँग कुनै चरणमा पनि परामर्श गरिएको छैन । आवश्यक जानकारीको अभावले माझी महिलाहरूलाई आफ्नो भूमि र जीविकोपार्जनको सुरक्षाका लागि के गर्ने भन्ने चिन्तित अवस्थामा पुर्याएको छ ।

मिडियाकर्मी साथीहरू,

उपरोक्त सम्बन्धमा प्रभावित महिलाहरूले परियोजनाका कारण सिर्जित कठिन परिस्थितिको समाधानका लागि हारगुहार गर्दै आइरहेका छन् । ती मध्येका सुकुमाया माझीका अनुसार यदि सुनकोशी किनारबाट उनीहरूलाई विस्थापित गराइएमा जीवनयापनका सम्पूर्ण आधारहरू गुम्न जाने र समुदायको सहयोग न्यानो सम्बन्धबाट अलग हुनुपर्ने बाध्यता रहेको छ ।

त्यस्तै, ममता माझीका अनुसार, नदी नै नभए माझीको अस्तित्व नै शुन्यमा पुग्नेछ । माझी आदिवासीको पहिचान र अस्तित्व सुनकोशी नदीसँग जोडिएको छ । त्यसकारण उनीहरू कुनै पनि हालतमा नदी गुमाउन चाहदैनन् ।

पूर्ण कुमारी माझीका अनुसार, जलवायु परिवर्तनका कारण नदी र नदी वरपरका जलचरहरू लोप हुँदै गएका छन् । उनीहरूले शुद्ध पिउने पानीको अभाव बेहोर्दै आइरहेका छन् । आफ्नो संस्कारका लागि चाहिने आवश्यक फलफूल, बोटबिरुवा र जडिबुटीहरू सजिलै उपलब्ध हुन छाडेको छ ।

आदरणीय पत्रकार साथीहरू,

सुनकोशी जलबिद्युत परियोजनाको निर्माण हुने बाँधका कारण माझी महिलाको मानवअधिकार हननका बिषयमा संयुक्त राष्ट्रसंघ र मानवअधिकारवादी अन्तराष्ट्रिय संस्थाहरूले गंभीर चासो व्यक्त गरेका छन् । स्थलगत भ्रमणपछि उनीहरूले व्यक्त गरेका सरोकारलाई यस विज्ञप्तिमा समावेस गरिएको छ ।

सेन्टर फर इकोनोमिक एन्ड सोसियल राइट्स **(CESR)** का कार्यकारी निर्देशक डा. मारिया रोन बलसेरा: "अन्य आदिवासी समुदाय जस्तै, माझी महिला र बालिकाहरूले विभिन्न संकटहरु जस्तै जलवायु परिवर्तन र त्यसका असरहरूलाई एकसाथ सामना गरिरहेका छन् । कुनौरी र भटौलीका महिलाहरूले वेतन रहित स्याहार सुसारको काम (अनपेड केयर वर्क) मार्फत राज्यको अर्थतन्त्रमा योगदान दिइरहेका छन् । नेपालले आफ्नो मानवअधिकारको दायित्व पूरा गरी विकास र वित्तीय निर्णयबाट प्रभावित आदिवासी समुदायको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्नु पर्दछ । जब विस्थापनको समस्या उत्पन्न हुन्छ, आत्म निर्णयको अधिकार र न्यायिक प्रक्रियाको लागि स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक), जवाफदेही, सूचनामा पहुँच, साथै निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताका लागि पर्याप्त स्रोतको विनियोजन गर्न आवश्यक छ । नेपाल सरकारले आदिवासी महिला अधिकारमा नीजि संस्था, कर्पोरिसन र अन्यबाट हुनसक्ने मानवअधिकार उल्लङ्घन हुनबाट संरक्षण गर्नु पर्छ । आदिवासी अधिकारको सम्मान गर्नुपर्छ । आफूले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरू: ICESCR, UNDRIP, ILO169, CEDAW, UNFCCC र अन्य प्रतिबद्धताहरू पूरा गर्नका लागि आफ्नो दायित्व पूरा गर्नुपर्छ ।

प्रारम्भिक जानकारी अनुसार नेपाल र भारत, र नेपाल र बंगलादेशबीच द्विपक्षीय सम्झौता भएको देखाउँछ । तर यी सम्झौताहरूमा उल्लेख अन्य सर्तहरूको थप जानकारी सीमित र अस्पष्ट छन् । साथै यो दुइ दिने स्थलगत भ्रमणका क्रममा माझी महिलाहरूसँगको छलफलबाट सरकारले उनीहरुसंग कुनै पनि परामर्श नगरिएको भन्ने पाइएको छ। माझी समुदायका अनुसार परियोजना सम्बन्धि सार्वजनिक सुनुवाइमा पनि उनीहरू सहभागी हुन खोजेका थिए तर सार्वजनिक सुनुवाईको स्थान वा मिति पूर्व सूचना बिना परिवर्तन गरिएको उनीहरूले बताएका ।

आत्तिया वारिस, (संयुक्त राष्ट्र संघका ऋण सम्बन्धी स्वतन्त्र विज्ञ र नैरोबी विश्वविद्यालयका प्राध्यापक):"कोभिड -१९ लगायत जलवायु परिवर्तनको प्रभावको सामना गरिरहेको अवस्थामा, प्रभावित राष्ट्रहरू र त्यहाँका मानिसहरूमा आर्थिक संकट उच्च रहन्छ । यस अवस्थामा वातावरण संरक्षणमा केन्द्रित नवप्रवर्द्धनकारी वित्तीय व्यवस्थापनलाई प्राथमिकतामा राखी, कर, ऋण र अन्तर्राष्ट्रिय आर्थिक प्रवाहलाई समस्याको सम्बोधन हुने गरी निर्णय गर्नु पर्दछ ।" -

एसिया प्यासिफिक फोरम अन वुमन ल एण्ड डेभलपमेन्ट **(APWLD)** का कार्यक्रम अधिकृत इलोइसा डेलोस रेयस: "प्राकृतिक स्रोतको अन्धाधुन्ध प्रयोग र विवेकरहित वर्तमान विकासे विश्वव्यापी मोडल, आदिवासी र ग्रामीण महिलाहरूका लागि हानिकारक छ । उनीहरूले लामो समयदेखि संरक्षण गर्दै आएका वन र नदीहरूमा पहुँच गुमाउँदा, महिलाहरूले सामना गरिरहेका जोखिम र संकट थपिने निश्चित छ । यसको प्रभावले महिलाहरूको जीविकोपार्जन, आर्थिक र सामाजिक अधिकारहरू उपभोग गर्न सक्ने क्षमतामा ह्रास आउनेछ ।"

माझी लगायत अन्य आदिवासी जनजातिहरू जलवायु परिवर्तनको तीव्र संकटलाई, समाधान गर्ने पक्ष हुन् । माझी र अन्य आदिवासीको संरक्षण गर्नु पनि पृथ्वी संरक्षणकै एउटा पाटो हो । तसर्थ, हामी नेपाल सरकार, विशेष गरी विद्युत विकास विभाग, व्यावसायिक कम्पनी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

लगानीकर्ता र अन्तर्राष्ट्रिय विकासका साझेदारहरूलाई UNDRIP, ILO 169, CEDAW GR39 लगायतका अन्य अनुमोदित अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानुनलाई सार्थक रूपमा पालना गर्न आह्वान गर्दछौं ।

अन्त्यमा,

जोखिमपूर्ण अवस्थामा रहेका आदिवासी माझी महिलाहरूको सुनकोशी नदिसँगको सदियौंदेखिको अन्योन्याश्रित सम्बन्धलाई कायम राख्न र उनीहरूको सहज, प्राकृतिक जीवन यापनको नैसर्गिक अधिकारको संरक्षणका लागि हामीले उठान गरेका सवालहरूलाई सबै सरोकारवालासम्म पुर्‍याउनु सबैको दायित्व सम्झेका छौं । यस अभियानमा यहाँको सम्मानित मिडिया मार्फत सहयोग प्राप्त हुनेछ भन्ने आशा गर्दछौं । सहयोगका लागि धन्यवाद !

**PRESS RELEASE**
**30 May 2024**

**STOP THE SUNKOSHI HYDROPOWER DAM:**
**Majhi women call to recognise and respect their self-determination**

Kathmandu, Nepal – "The Sunkoshi river is connected to our identity and existence; if the hydropower project destroys the river, our existence, identity – language, rituals, culture – will be destroyed as well."

This was the resounding call of the women from Kunauri and Bhatauli communities who lamented the life-changing impacts of the Sunkoshi hydropower dam. Indigenous communities are facing the threats of forced displacement and the subsequent loss of livelihoods, potential discrimination in enjoyment of economic and social rights, and the disruption to the beliefs and practice of cultural rituals and traditions that are essential rights of the Majhi Indigenous Peoples. Women will also face additional struggle of fending for their family.

The Sunkoshi-II Hydropower project or SU-II (1,110 MW) and Sunkoshi-III (536 MW) hydropower projects are pumped-storage projects developed in the Mahji ancestral lands and territory by the Department of Electricity Development (DoED). The SU-II project is located 130 KM east of Kathmandu and Sunkoshi River flowing between Golanjor Rural Municipality in Sindhuli District and Ramechhap Municipality in Ramechhap District.

From 28 to 29 May 2024, national and international organisations conducted an impact assessment in the Majhi communities in Manthali to determine the status of the hydropower dam project and assess the human rights situation of the Indigenous women, particularly in exercising their right for participation, access to information and self-determination. The groups also looked at the potential impacts of the development project that threatens the very existence of the Mahji people and endangers their culture and lives.

The persisting lack of information surrounding the proposed hydropower dam in Manthali in the Ramechhap district has kept the Majhi community in the dark on the status of the project. In a 2015-2020 participatory research conducted by the National Indigenous Women Forum (NIWF), it was revealed that no free prior and informed consent (FPIC) has been done with the community. No recent data is also available to determine the stage of the project, and the lack of consultation and information are keeping women anxious of their land and livelihood security, as well as their ability to enjoy other economic, social and cultural rights.

Sukumaya Majhi is a single mother that raises her son and daughter, "I cannot imagine what life would be if we get displaced and I am separated from my people. I depend on the support of the community to

raise my children – that's how we are in the community. The community care, support and security is a pillar of our Majhi people".

"What is the point of land if there is no river?" said Mamta Mahji, a woman leader in the community. "Our rituals and rites are intimately connected to the Sunkoshi river. It is our life, it is for the celebration of birth, marriage, and death. How can we honour our ancestors if we lose our river?"

"We are already observing the worsening impact of climate change on our environment. The fish in the river are getting scarce, we don't have clean drinking water, and it's harder to find the leaves that we use for our ritual and local fruits and herbs for basic needs. Everything that used to be available in the village is slowly disappearing and now we have to buy," said Burna Majhi.

"Like other indigenous groups, Majhi women and girls have become involuntary shock absorbers of the convergence of crises: climate, debt, food, inequality, subsiding the state with their bodies through unpaid care work. Nepal must fulfill its human rights obligations and ensure the meaningful participation of indigenous groups affected by development and fiscal decisions. When issues of displacement arise, the right to self-determination and due process rights require prior informed consent, transparency, access to information, as well as allocating adequate resources for meaningful participation in decision making. Nepal must fullfill its obligations to respect indigenous rights, protect indigenous women rights from the violations from private actors, corporations, and others and realise its commitments under the international conventions it has ratified: ICESCR, ILO169, CEDAW, UNFCCC and others,'' Dr. Maria Ron Balsera, Executive Director at the Center for Economic and Social Rights (CESR).

Initial information points to the bilateral agreements between Nepal and India; and Nepal and Bangladesh; but further information on the conditionalities of these agreements remains limited and murky. It was also noted from the discussion with the Mahji women that no consultations were conducted. According to the Majhi people, the public hearings related to the hydropower project that they attempted to join suddenly changed venue or date without prior notice.

"In a world experiencing climate change, as we emerge from COVID-19, financial stress on countries and people remains high. As a result, innovative finance with a focus on the preservation of the environment as it is should be a priority in making decisions on tax, debt and international finance flows." said Attiya Waris, UN Independent Expert on Debt and Professor of Law, University of Nairobi.

"The current global model of development, which hinges on the indiscriminate use and conversion of the rich natural resources, is detrimental to Indigenous, rural women," said Eloisa Delos Reyes Programme Officer of Asia Pacific Forum on Women, Law and Development. "Losing their access to forest and rivers that they have long been conserving and sustainably using will exacerbate the crises the women are facing, and will double on women's ability to sustain their livelihood and enjoy their economic and social rights, and furthering climate impacts."

“Indigenous Peoples, including Majhi, are solutions, not problems to accelerating the climate crisis. Hence, there is an urgency to save Indigenous Peoples like Majhi to save our planet, Mother Earth. Therefore, we call upon the Nepal government, specially the Department of Electricity Development (DoED), business companies, national and international investors, and international development partners to meaningfully comply with the UNDRIP, ILO Convention No. 169, CEDAW GR. No. 39 and other international human rights,” said Yasso Kanti Bhattachan, Vice-chairperson of NIWF.